म.जि.प्र.का दर्ता नः
१०४/०६७/०६८

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

# समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

समृद्धि प्रकाशन प्रा. लि. हेटौंडा, मकवानपुर

म.जि.हु.का.द.नं.
३०/०६९/०७०

वर्ष:१७ | अङ्क:- ११६ | २०८२ चैत ५ गते बिहीबार 19 March 2026, Thursday - | पृष्ठ ४ | मूल्य रु. ५/-

**डढेंलोबाट जोगिऔं र जोगाऔं ।**

- सुख्खायाम तथा पतझरको समयमा डढेंलो लाग्न सक्छ,
- डढेंलोले मानिस, वन्यजन्तु र पर्यावरणमा गम्भीर असर पार्न सक्छ,

डढेंलोबाट जोगिन

- जथाभावीरुपमा वन तथा जङ्गल क्षेत्रमा आगो नबालौं,
- सुख्खा घाँस पातजस्ता ज्वलनशील वस्तु सुरक्षितरुपमा व्यवस्थापन गरौं,
- चुरोट, बिँडी, आगोका झिल्का भएका वस्तु जथाभावी नफालौं,
- डढेंलोविरुद्ध समुदायस्तरमा सचेतना फैलाऔं,
- डढेंलो देखिएमा तत्काल सम्बन्धित निकायमा जानकारी गराऔं,

वन जोगाउ र वातावरण संरक्षणमा योगदान दिऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## रास्वपाका नवनिर्वाचित प्रतिनिधिसभा सदस्यलाई अभिमुखीकरण

# उपलब्धीमूलक रह्यो : प्रशान्त, प्रकाश



प्रकाश गौतम




प्रशान्त उप्रेती

समाज संवाददाता

हेटौंडा : फागुन २१ गते सम्पन्न प्रतिनिधिसभा सदस्य निर्वाचनबाट निर्वाचित भएका राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का प्रतिनिधिलाई मंगलबार र बुधबार काठमाडौंमा अभिमुखीकरण कार्यक्रम भएको छ । कुल २ सय ७५ सिट मध्ये १ सय ८२ सिट जितेको रास्वपाले आफ्ना नवनिर्वाचित सांसदहरुका लागि अभिमुखीकरण कार्यक्रम गरिएको हो । निर्वाचित अधिकांश युवा र पहिलो पटक संसदीय राजनीतिमा प्रवेश गरेको हुँदा रास्वपाले सपथ अघि नै अभिमुखीकरण गरेको हो ।

अभिमुखीकरणमा सहभागी मकवानपुर क्षेत्र नम्बर १ बाट निर्वाचित प्रकाश गौतम र क्षेत्र नम्बर २ बाट निर्वाचित प्रशान्त उप्रेती दुबै जनाले अभिमुखीकरण उपलब्धीमूलक भएको उल्लेख गरेका छन् । समृद्ध समाजसँग कुरा गर्दै उनीहरुले नवप्रवेशी सांसदका लागि संसदीय अभ्यास, सांसदको भूमिका, व्यक्तिगत आचरण, अध्ययन, अनुसन्धानको विषयमा प्रसस्त जानकारी प्राप्त भएको बताएका छन् । प्रकाश र प्रशान्त दुबैले यस किसिमको अभिमुखीकरण, अनुभाव आदानप्रदान तथा आपसमा अन्तरक्रियाको अवसर आवधिकरुपमा निरन्तर गर्दै जानुपर्नेमा जोड दिएका छन् ।

'नवनिर्वाचित सांसदहरुका लागि अभिमुखीकरण कार्यक्रम आयोजना गरिएको र सहभागिताका लागि उपस्थित हुन भनी चैत १ गते जानकारी प्राप्त भयो', नवनिर्वाचित सांसद उप्रेतीले भन्नुभयो, 'मंगलबार र बुधबार २ दिनका लागि आयोजित अभिमुखीकरण कार्यक्रममा सहभागी भएर मैले र सहभागी सबैले धेरै कुरा सिक्ने, आफूलाई संसदीय अभ्यासमा जिम्मेवार भएर अगाडि बढ्न तयारीका लागि प्रभावकारी सिकाईको अवसर रह्यो ।' अभिमुखीकरणमा सांसदको रुपमा संसदीय भूमिका मात्रै नभई व्यक्तिगत आचरणदेखि बहुआयामिक भूमिकाका बारेमा बुझ्ने अवसर रहेको उहाँको भनाइ छ ।

जनताको मतबाट निर्वाचित भएका सांसदहरुले कसरी जनमतको सम्मान हुने गरी काम गर्ने ? सांसदको जिम्मेवारी के हो ? संसदमा, संसदीय समितिमा सांसदको भूमिका कस्तो हुने भन्ने जानकारी प्राप्त भएको उप्रेतीले बताउनुभयो । संसदमा ऐन, नियम निर्माणको प्रक्रिया, विधेयक, संसदीय समितिको काम, सांसदको भूमिका, अध्ययन-अनुसन्धानको विषयमा पनि उल्लेख्य जानकारी प्राप्त भएको उप्रेतीको भनाइ छ । प्रत्यक्षतर्फ प्रतिनिधिसभा सदस्य निर्वाचित कान्छो सांसद उप्रेतीले जनमतबाट निर्वाचित भएपछि थप जिम्मेवारी र कर्तव्य बुझ्ने अवसर प्राप्त भएको बताउनुभयो ।

यस्तै अर्का सांसद प्रकाश गौतमले पनि जनमतबाट निर्वाचित भएर काम गर्ने क्रममा धेरै कुरा सिक्नुपर्ने, जान्नुपर्ने बताउनुभयो । गौतमले दुई दिने अभिमुखीकरणमा संसदमा कसरी प्रस्तुत हुने, कसरी बोल्ने, विषयको उठान कसरी गर्ने भन्ने सिक्ने अवसर पाएको बताउनुभयो । सांसदको दायराका बारेमा समेत जानकारी प्राप्त भएको उल्लेख गर्नुहुँदै गौतमले भन्नुभयो, 'निर्वाचित भएपछि प्राप्त जिम्मेवारीलाई बुझ्न अभिमुखीकरण फलदायी भएको छ । हामी निखारिँदै जानुपर्छ । यस किसिमको अभिमुखीकरण नियमित भइरहनु पर्छ ।' निर्वाचनमा मतदाताको गुम्सिएको मत पाएर निर्वाचित भएको बताउनुहुँदै जनताको सहज जीवनका लागि अबको संसद र सरकारले काम गर्नुपर्ने गौतमले स्पष्ट पार्नुभयो ।

# मकवानपुरमा डेढ अर्ब राजस्व बक्यौता

समाज संवाददाता

हेटौंडाः मकवानपुर जिल्लामा करिब डेढ अर्ब राजस्व बक्यौता रहेको छ। आन्तरिक राजश्व कार्यालय मकवानपुरले प्राप्त गर्नुपर्ने बक्यौता १ अर्ब ४४ करोड रुपैयाँ पुगेको हो । विभिन्न कम्पनी तथा उद्योगहरुबाट प्राप्त हुनुपर्ने कर, ब्याज तथा जरिवाना बक्यौता रहेको कार्यालयले जानकारी दिएको छ ।

हालसम्म २ सय २२ जनाले कम्पनीको आयकर नबुझाएको, १२ जनाले व्यक्तिगत आयकर नबुझाएको र ३ सय ९४ जनाले मूल्य अभिवृद्धि कर नबुझाएको कार्यालयको तथ्याङ्क छ। कार्यालयमा विसं २०३१ सालदेखिका व्यक्तिगत आयकर दाखिला नगरेका रेकर्डसमेत रहेका छन्। सो बेलादेखि हालसम्म व्यक्तिगत आयकरबापत नतिरिएका बक्यौता १५ करोड रहेको कार्यालयका प्रमुख कर अधिकृत युक्तप्रसाद सुवेदीले जानकारी दिनुभयो ।

यसवर्ष आयकर अन्तर्गत करिब २ करोड रुपैयाँ पुरानो बक्यौता तिरेको हुँदा २ करोड राजस्व जोडिन आएको कार्यालयले जनाएको छ । यसवर्ष कार्यालयमा कम्पनीहरुको आयकरबापत ६९ करोड असुल हुन बाँकी छ । यसवर्षसम्म मूल्य अभिवृद्धि कर (भ्याट) शीर्षकमा झण्डै ४ सय जनाको करिब ७५ करोड रकम असुल हुन बाँकी रहेको छ ।

कार्यालयले आफ्नो बक्यौता उठाउन मकवानपुर उद्योग वाणिज्य संघसँग समन्वय गरिहहेको, सूचना तथा ताकेता गर्ने गरेको र पत्रसमेत काट्ने गरेको भएपनि उद्योगी तथा व्यवसायीहरुले तिर्न नसक्ने अवस्था रहेको बताउने गरेको प्रमुख कर अधिकृत सुवेदी बताउनुहुन्छ । कार्यालयले गत वर्ष पनि १ सय २० वटा कम्पनीलाई कर तिर्न अनुरोध गर्दै सूचना निकालेको थियो । यद्यपि व्यवसायीहरु राजस्व तिर्न सक्ने अवस्थामा नभएको भन्दै पन्छिँदै आइरहेका छन् ।

यसवर्ष आन्तरिक राजस्व विभागले राजस्व असुलीका लागि विभिन्न कर छुटका योजना आएका थिए । यो योजनाको फाइदा लिँदै १ सय ६९ जना करदाताहरुले ६ करोड ३७ लाख ब्याज तथा जरिवाना छुट पाएको कार्यालयले जानकारी दिएको छ । तर कतिपय करदाताहरुले राजस्व जरिवाना छुट भएको मौकामा समेत तिर्न नसकेकाले व्यवसायीहरु आर्थिकरुपमा समस्यामा छन् भन्ने स्पष्ट देखिएको सुवेदीको भनाइ छ ।

यसैवर्ष विभागले सामाजिक संघसंस्थाहरुको तिर्नुपर्ने बक्यौता कर निर्धारण भएर बसेको मध्ये मुल करमात्रै तिर्दा बाँकी ब्याज, जरिवाना सबै मिनाहा हुने योजना ल्याएको थियो । यस कार्यक्रमबाट पनि धेरै करदाताहरु लाभान्वित भएको कार्यालयले जनाएको छ ।

अधिकांश कम्पनीहरु टाट पल्टिएपछि यसरी कर बक्यौता रहने गरेका छन्। कतिपयले निश्चित समयमा कर तिर्न नसक्ने भएपछि सम्पत्ति रोक्का पनि गर्ने गरिएका छन् । यसरी बक्यौता राख्नेमा नेपालीहरुसँगै केही चिनियाँद्वारा सञ्चालित कम्पनीहरुसमेत रहेको प्रमुख कर अधिकृत सुवेदीले जानकारी दिनुभयो । यसरी टाट पल्टिएका कम्पनीहरुको बक्यौता २०६५ सालदेखि रहेको कार्यालयले जनाएको छ ।

## फागुनमा १० जनाद्वारा आत्महत्या

# ८ जनाको दुर्घटनामा मृत्यु

समाज संवाददाता



हेटौंडा : फागुन महिनामा मकवानपुरमा १० जनाले आत्महत्या गरेका छन् । यस्तै दुर्घटनामा परी ८ जनाले ज्यान गुमाएका छन्। जिल्ला प्रहरी कार्यालय मकवानपुरले सोमबार सार्वजनिक गरेको फागुन महिनाको प्रगति विवरण अनुसार यस अवधिमा जिल्लाको सुरक्षा र सामाजिक अवस्था चुनौतीपूर्ण देखिएको छ ।

प्रहरीको तथ्याङ्क अनुसार फागुन महिनामा मात्रै मकवानपुरमा ५ जना पुरुष र ५ जना महिला गरी १० जनाले आत्महत्या गरेका छन् । यस्तै, सोही अवधिमा जिल्लाका विभिन्न स्थानमा भएका ३५ वटा सवारी दुर्घटनामा परेर ८ जनाले ज्यान गुमाएका छन् भने ९१ जना घाइते भएका छन् । ट्राफिक नियम उल्लंघन गर्ने १ हजार १५९ वटा सवारी साधनलाई कारबाही गर्दा ११ लाख ६ हजार ५ सय रुपैयाँ राजस्व संकलन भएको प्रहरीले जनाएको छ ।

फागुन महिनामा विविध अपराधका ७२ वटा मुद्दा दर्ता भएकोमा ४६ वटा फछ्र्योट भइसकेका छन् भने २६ वटा मुद्दा फछ्र्योट हुन बाँकी छ । दर्ता भएका मुद्दामध्ये सबैभन्दा बढी लागूऔषध सम्बन्धी १५ वटा, बैंकिङ कसुरका १० वटा र अभद्र व्यवहारका ९ वटा मुद्दा रहेका छन् । विभिन्न मुद्दामा संलग्न ६४ जना प्रतिवादीलाई पक्राउ गरिएको छ भने अदालतबाट फैसला भइसकेका पुराना मुद्दाका १० जनालाई पक्राउ गरी ४२ लाख ३४ हजार ५१० रुपैयाँ विगो रकम असुल गरिएको छ । यसैगरी घरेलु हिंसातर्फ १४ वटा उजुरी परेकोमा ६ वटामा मिलापत्र गराइएको छ भने २ वटा मुद्दालाई अदालत पठाइएको छ । प्रहरीका अनुसार फागुन महिनामा जिल्ला प्रहरी कार्यालयमा ६९ वटा ठाडो उजुरी र जिल्ला प्रशासन कार्यालयमार्फत ७ वटा उजुरी प्राप्त भएका छन् ।

लागूऔषध नियन्त्रणको क्षेत्रमा प्रहरीले उल्लेख्य सफलता प्राप्त गरेको छ । एक महिनाको अवधिमा ५ सय ५१ किलोग्राम गाँजा, ५२० मिलिग्राम चरेश, ८ ग्राम ८०० मिलिग्राम खैरो हिरोइन, नाइट्रजेपाम १२ ट्याब्लेट, ट्रामाडोल ६१३ क्याप्सुल, स्टागन २५ ट्याब्लेट र स्पास्पैन ३० चक्की बरामद गरिएको छ । यी अवैध सामग्री ओसारपसारमा संलग्न ४ वटा सवारी साधन र २७ जना व्यक्तिलाई नियन्त्रणमा लिई कानुनी कारबाही अगाडि बढाइएको छ । प्राकृतिक सम्पदा दोहनमा संलग्न ६ वटा ट्रयाक्टरलाई नियन्त्रणमा लिएर ७२ हजार रुपैयाँ जरिवाना गरिएको छ भने २ लाख ९२ हजार १२७ रुपैयाँ बराबरको भन्सार छलीका सामान बरामद गरिएको छ ।

प्रहरीले थाहा नगरपालिकाबाट २ जना र भीमफेदीबाट १ जनालाई १ थान एकनाले भरुवा बन्दुकसहित नियन्त्रणमा लिएको छ । जिल्लाका ६ विभिन्न स्थानमा आगलागीका घटनाहरू समेत भएका छन् । अपराध नियन्त्रण र सामाजिक सचेतनाका लागि प्रहरीले फागुन महिनामा समुदाय तथा विद्यालय केन्द्रित ४५ वटा विभिन्न कार्यक्रमहरू सञ्चालन गरेको जिल्ला प्रहरी कार्यालय मकवानपुरको तथ्याङ्कमा उल्लेख छ ।

# नवनिर्वाचित सांसदहरूको शपथ चैत १२ मा



काठमाडौं : नवनिर्वाचित प्रतिनिधिसभा सदस्यहरूको शपथ यही चैत १२ मा गराउने तयारी भएको छ । समानुपातिकतर्फ निर्वाचित सदस्यहरूलाई बिहीबार निर्वाचन आयोगले निर्वाचित भएको प्रमाणपत्र दिँदैछ । बिहीबार नै निर्वाचन प्रतिवेदन राष्ट्रपति कार्यालयमा बुझाउने तयारी पनि छ । यसको जानकारी आयोगले संघीय संसद् सचिवालयलाई पनि गराउँछ ।

निर्वाचन आयोगबाट जानकारी प्राप्त भएसँगै शपथका लागि मिति सार्वजनिक गर्ने तयारीमा रहेको संघीय संसद् सचिवालयका सहसचिव एवं प्रवक्ता एकराम गिरीले जानकारी दिए । उनका अनुसार यी लगायतका विषय संसद्मा प्रतिनिधित्व गर्ने राजनीतिक दलका प्रतिनिधिहरूसँग छलफल समेत गरिँदैछ। 'निर्वाचन आयोगबाट चैत ५ गते निर्वाचन प्रतिवेदन प्राप्त भयो भने भोलिपल्टको पत्रिकामा शपथको सूचना निकाल्ने गरी तयारी गरिरहेका छौं' गिरीले भने । उनका अनुसार चैत १२ गते शपथ गराउने तयारी छ । उनले भनेका छन्, '१२ गते शपथ गराउने तयारी छ । यो विषयमा राजनीतिक दलका प्रतिनिधिहरुसँग पनि छलफल हुन्छ ।'

२१ फागुनमा सम्पन्न प्रतिनिधिसभाको निर्वाचनबाट ६ वटा राजनीतिक दल राष्ट्रिय दलको रुपमा आएका छन् । १८२ सिटसहित रास्वपा सबैभन्दा ठूलो दलको रुपमा आएको छ । कांग्रेस ३८ सिटसहित दोस्रो, ३५ सिटसहित एमाले दोस्रो र १७ सिटसहित नेपाली कम्युनिस्ट पार्टी तेस्रो दलको रुपमा रहेका छन् । यसपटकको निर्वाचनबाट उदाएको श्रम संस्कृति पार्टी ७ सिटसहित पाचौं दलको रुपमा रहेको छ भने राप्रपा ५ सिटसहित छैठौं दलको रुपमाा छ । एक जना स्वतन्त्र उम्मेदवार रहेका छन् । *स्रोत : अनलाइनखबर ।*

# खोटाङमा हेलिकप्टर दुर्घटना

काठमाण्डौ : खोटाङको केपिलासगढी गाउँपालिका वडा नम्बर २ मा हेलिकप्टर दुर्घटना भएको छ । काठमाण्डौबाट गएको एअर डाइनेस्टीको हेलिकोप्टर बिहान ११ बजेर ५५ मिनेटमा अवतरणका क्रममा दुर्घटनामा परेको खोटाङकी प्रमुख जिल्ला अधिकारी रेखा कँडेलले जानकारी दिनुभयो ।

नागरिक उड्डयन प्राधिकरणका अनुसार दुर्घटनामा परि पाइलटसहित ६ जना घाइते भएका छन् । घाइतेहरूलाई काठमाण्डौबाट गएको अर्को हेलिकप्टरबाट उद्धार गरी काठमाण्डौ ल्याएको प्राधिकरणले जनाएको छ । पाइलट सविन थापा र पाँच जना यात्रु रहेको हेलिकप्टर अवतरणका क्रममा अनियन्त्रित भई भित्तामा ठोक्किएको खोटाङ प्रहरीले जानकारी दिएको छ ।



## सम्पादकीय

# बजेट खर्चको बेहाल

पछिल्ला वर्षहरुमा संघ तथा प्रदेश सरकारहरुको विनियोजित बजेट खर्चको अवस्था निकै कमजोर बनिरहेको छ । आर्थिक वर्षको अन्तिमतिर व्यापक खर्च गर्दा पनि बजेट खर्च आधा-आधीको हाराहारीमा हुने गरेको छ । चालु आर्थिक वर्ष २०८२/८३ मा बागमती प्रदेश सरकारको बजेट खर्चको अवस्था पनि निराशाजनक अवस्थामै छ । गत भदौको जेनजी आन्दोलनपछि बजेट कटौतीसमेत गरेको सरकारको बजेट खर्चको गति निकै सुस्त देखिएको हो । आर्थिक वर्षको ८ महिना बितिसक्दा पनि बागमती प्रदेश सरकारले कुल बजेटको एक चौथाई रकमसमेत खर्च गर्न सकेको छैन । फागुन मसान्तसम्म प्रदेश सरकारले चालु आर्थिक वर्षका लागि सार्वजनिक गरेको कुल बजेटको २२.३१ प्रतिशतमात्र खर्च गरेको छ । आर्थिक वर्षको अब बाँकी ४ महिनाको अवधिमा ७८ प्रतिशत बजेट खर्च गर्नुपर्ने प्रदेश सरकारलाई दबाब सिर्जना भएको छ ।

बागमती प्रदेशको आर्थिक मामिला तथा योजना मन्त्रालयले सार्वजनिक गरेको फागुन मसान्तसम्मको खर्च विवरणअनुसार कुल ६७ अर्ब ४७ करोड ७३ लाख रुपैयाँको बजेटमध्ये १५ अर्ब ५ करोड ८ लाख रुपैयाँमात्र खर्च भएको छ । प्रदेश सरकारले चालु आर्थिक वर्षको बजेटमा पुँजीगत खर्चको अवस्था झन नाजुक देखिएको छ । विकास निर्माणसँग सम्बन्धित पुँजीगत खर्च १७ प्रतिशतमात्र भएको छ । पुँजीगततर्फको विनियोजित बजेट ४१ अर्ब ४३ करोड ३५ लाख रुपैयाँमध्ये फागुन मसान्तसम्म ७ अर्ब ९ करोड १८ लाखमात्र खर्च भएको छ । विकास निर्माणका कामका लागि छुट्याइएको ८३ प्रतिशतभन्दा बढी बजेट चार महिनामा खर्च गर्नुपर्ने अवस्था देखिएको छ । चालु शीर्षकमा हुने प्रशासनिक तथा साधारण खर्च भने करिब ३० प्रतिशत भएको छ । चालुतर्फको २६ अर्ब ४ करोड ३७ लाख ९९ हजार बजेटमध्ये ७ अर्ब ९५ करोड ९० लाख २५ हजार रुपैयाँ खर्च भएको छ ।

आर्थिक वर्षको सुरुवातमा सरकार परिवर्तन र भदौमा जेनजी आन्दोलनले बजेट कार्यान्वयनमा केही समस्या भए पनि सरकारको बजेट कार्यान्वयनमा सधैँ समस्या हुने गरेको छ । जेनजी आन्दोलनपछि धेरै कार्यक्रममा विनियोजन गरेको बजेट कटौती गरिएका र कतिपय योजना तथा कार्यक्रम संशोधन गर्दा बजेट कार्यान्वयनमा केही ढिलाई हुनु स्वभाविक भए पनि हालसम्म बजेट खर्चको अवस्था निराशाजनक हुनु सरकारको कमजोरी हो । हरेक वर्ष सरकारले आर्थिक वर्षको सुरुवातदेखि कामको गति प्रभावकारी बनाउन नसक्दा बजेट खर्च गर्न नसक्ने समस्या देखिने गरेको छ । प्रक्रियागत झन्झट र प्रशासनिक ढिलासुस्तीका कारण वर्षेनि बजेट खर्च गर्न नसक्दा सरकारको प्रभावकारिता नै कमजोर भइरहेको छ । समयमै काम सुरु गर्न नसक्दा अधिकांश योजना तथा कार्यक्रम आर्थिक वर्षको अन्त्यतिर कार्यान्वयनमा आउँदा बजेटको दुरुपयोगसमेत हुने गरेको छ । आर्थिक वर्षको अन्त्यतिर हतारहतार काम गर्ने परिपाटीले गुणस्तरहीन काम हुनुका साथै आर्थिक अनियमितता र भ्रष्टाचार मौलाउने गरको छ ।

चैत महिनासम्म सुस्त बनेको सरकार वैशाखपछि बजेट कार्यान्वयनमा सक्रिय बन्दछ । असार मसान्तसम्ममा जसरी पनि बजेट सिध्याउनु पर्ने दबाब र आर्थिक वर्षको अन्त्यतिर काम गराउन खोज्ने कर्मचारीको नियतले बजेटको बेहाल बनिरहेको स्पष्ट छ । जेठ र असारको अन्तिम समयमा आएर बजेट खन्याउने "असारे विकास"को परिपाटीले "सरकारको लगानी बालुवामा पानी" सरह भइरहेको छ । ८ महिनाको अवधिमा प्रदेशका कुनै मन्त्रालयको बजेट कार्यान्वयन ७ प्रतिशतमात्र हुनुले सरकारको बजेट परिचालनको अवस्था बेहाल रहेको स्पष्ट छ । धेरै खर्च गर्ने मन्त्रालयले पनि ३८ प्रतिशतमात्र बजेट खर्च गरेको अवस्थामा सरकारले बजेट कार्यान्वयनमा धेरै सुधार गर्नुपर्ने आवश्यकता देखिन्छ ।

## महत्वपूर्ण फोन नम्बरहरु

| | |
|---|---|
| जिल्ला प्रशासन कार्यालय ५२०४९५ | वारुण यन्त्र १०१ |
| जिल्ला प्रहरी कन्ट्रोल १०० | बालबालिका खोजतलास केन्द्र १०४ |
| ट्राफिक प्रहरी १०३ | बाल हेल्पलाइन १०९८ |
| वडा प्रहरी ५२०२९९ | हेलो सरकार ११११ |
| पशुपतिनगर इलाका ५२०५९८ | नेपाल टेलिकम सोधपुछ १९७ |
| मनहरी इलाका ९८५५०९०१६१ | एम्बुलेन्स १०२ |
| भीमफेदी इलाका ६९१४६२ | नेपाल विद्युत प्राधिकरण गुनासो ११५० |
| पालुङ इलाका ६२०४६७ | |
| फापरबारी इलाका ६२१९८० | |
| चित्लाङ इलाका ६२१००० | |

## तपाईंको राशिफल



पं. ज्योतिष: तोयानाथ सुवेदी
ॐ तुलसी मेडिकल हल, हेटौंडा-८, कमाने
सम्पर्क: ९७४५०२८५५५

**मेष** : व्यापार–व्यवसाय ठिकै रहने समय योग छ ।
**वृष** : दान धर्ममा केही रकम खर्च हुने समय योग छ ।
**मिथुन** : व्यापार–व्यवसाय मध्यमकारक रहने समय छ ।
**कर्कट** : व्यापार–व्यवसाय ठिकै रहने समय योग छ ।
**सिंह** : धार्मिक कृत्य र परोपकारमा मन जाने समय योग छ ।
**कन्या** : पदीय दायित्वमा वृद्धि हुने समय योग छ ।
**तुला** : प्रतिस्पर्धाका काममा सफल भइने समय योग छ ।
**वृश्चिक** : अध्ययन–अध्यापन सोचे अनुरुपै होला ।
**धनु** : घरायसी समस्याले सताउने समय योग छ ।
**मकर** : प्रतिद्वन्द्वी सजिलै हार्ने समय योग छ ।
**कुम्भ** : साहसी र पराक्रमी बनिने समय योग छ ।
**मीन** : असन्तुष्टी र निराशा निराकरण हुँदै जाने योग छ ।

# विद्यार्थी मूल्याङ्कनको मूल औजार 'परीक्षा'



✍ **रमेश प्रसाद लामिछाने**

चैतलाई विद्यालय तहको परीक्षा महिना भन्दा अत्युक्ती नहोला । वैशाखबाट नयाँ शैक्षिक सत्र प्रारम्भ हुने भएकाले चैतमा कक्षा १० सम्मका वार्षिक परीक्षा संचालन गरिन्छ । एक वर्षसम्म विद्यार्थीले गरेको मिहिनेत यहि बेला मापन हुन्छ । हाम्रो मुलुकमा विद्यार्थी मूल्याङ्कन भनेकै पेपर-पेन्सिल टेष्ट भन्ने बुझिन्छ । विषयगत अंकभारका आधारमा १ घण्टादेखि ३ घण्टासम्म समय निर्धारण गरिएको हुन्छ । विद्यार्थीले मात्र होइन, अभिभावक र शिक्षकले समेत यहि लिखित परीक्षालाई समग्र मूल्याङ्कन बुझ्ने संस्कार बसेको छ । अझ कक्षा १० को परीक्षा अर्थात् एसईईको तामझाम र हाउगुजी दशकौं अघिदेखिको एसएलसीको झैं देखिन्छ । वर्तमान शिक्षा नियमावलीले कक्षा १२ सम्म विद्यालय तह भनेर किटानी गरिसक्दा पनि अझै एसईईमा प्रदर्शन गरिने नाटकले फेरिन नसकेको जीर्ण मानसिकता स्पष्ट भन्न सकिन्छ । कक्षा ८ को परीक्षा स्थानीय तह स्तरमा संचालन हुने आजको व्यवस्था हो । यसरी कक्षा ८, १० र १२ का परीक्षामा शिक्षक, विद्यार्थी र अभिभावक अनि शिक्षा प्रशासनबाट प्रदर्शित चासो र चिन्ता तल्ला कक्षामा पनि देखिने हो भने शिक्षामा अपेक्षित नतिजा सहजै प्राप्त हुनेमा कसैको बिमति नहोला । जग बलियो भएमात्र घर मजबुत हुन्छ भन्ने सबैलाई थाहा छ । तर, तल्ला कक्षाका विद्यार्थीहरुको मूल्याङ्कनका लागि संचालन गरिने परीक्षा औपचारिकतामै सकिन्छन् । यस आलेखमा विद्यमान परीक्षा प्रणालीलाई नै बदल्न नसकेसम्म प्रभावकारी बनाउनेतर्फका विषयहरुमा सम्बन्धितहरुको ध्यानाकर्षण गर्ने प्रयत्न गरिएको छ ।

१. विद्यमान प्रश्न निर्माण शैली बदल्नु पर्छ । पाँच वर्षे र तीन वर्षे प्रश्न बैंकबाटै प्रश्न निकालेर जाँच लिने प्रणाली फेर्नै पर्ने हुन्छ । तोकिएको पाठ्यक्रमको पाठ्यपुस्तकमा आधारित रही विद्यार्थीको सिर्जनात्मक मौलिकपन तर्क र तथ्यमा आधारित जवाफबाट उच्च मूल्यांकन गर्ने परीक्षा सञ्चालन गर्न जरुरी महसुस गरिएको छ । शैक्षिक उपलब्धिको मापनसँग विद्यार्थीको व्यवहारमा आएका परिवर्तनहरु सहजै देखिनु पर्दछ ।

२. पाठ्यपुस्तक तथा नोटबुकको निश्चित जवाफ सार्ने प्रणालीको अन्त्य गरी प्रश्नले परीक्षार्थीको दिमागमा खोतलेर गहिराइबाट जवाफ टिप्ने विधिमा जानुपर्ने अवस्था महसुस भएको छ । परीक्षार्थीको मनोभाव मात्र होइन, सीपको स्तर मापन हुनेगरी सैद्धान्तिक र प्रयोगात्मक परीक्षा लिन सकिन्छ । विद्यार्थीको ज्ञानको स्तर सँग सीपको क्षमता मूल्याङ्कन गरिनु पर्छ ।

३. 'कट अफ स्कोर' को जरुरी छ । यो बोर्डर लाइन हो । विद्यार्थीको स्तर प्रदर्शन गर्न निश्चित अंक तोक्नै पर्छ । अझ सैद्धान्तिक र प्रयोगात्मक जोडेर ग्रेडिङ होइन, अलग-अलग ग्रेडिङ गर्नु राम्रो हुन्छ । अहिलेको अभ्यासले कक्षा १० वा १२ को विद्यार्थीको नतिजामा सैद्धान्तिकमा 'डी' ग्रेड र प्रयोगात्मकमा 'ए प्लस' हुनु कदापि राम्रो होइन । यो सन्तुलित बन्नुपर्छ, बनाउनु पर्छ ।

४. वस्तुगत सवालमा मार्किङ गर्न सरल हुन्छ । तर, विषयगत जवाफमा भने अधिकांश हचुवामा मार्किङ भएका छन् । उत्तर पढेर कुन कुरामा अंक दिनुपर्ने वा नपर्नेमा परीक्षकको ध्यान छैन । सकेसम्म छिटो कपी संख्या धेरै परीक्षण गर्ने प्रतिस्पर्धा व्यवहारमा देखाइएको छ । यो विधिमा सुधार नहुने हो भने धेरै विद्यार्थी पीडामा पर्न सक्छन् । कक्षा १० को मार्किङ स्किम बनाएर परीक्षण गर्न पठाउँदा पनि समस्या छ भने उत्ता कक्षा ११ र १२ को हकमा मार्किङ स्किमको अभावमा ज्यादा हचुवामा मार्किङ भएकाले थप समस्या देखिएको छ । उत्तरपुस्तिकाको परीक्षणस्थलको बसाई र परीक्षकको अवस्थाबारे थप गम्भीर बन्नुपर्ने वर्तमानले सावित गरेको छ ।

५. मौका परीक्षाको शीर्षकलाई बढी मजाक बनाएर जति विषय पनि दिन पाउने, ग्रेड बढाउन सकिने नाममा यस्तो परीक्षाकै उपहास गरिने हालको अवस्था अविलम्ब अन्त्य हुनुपर्छ । मौकाको अर्थ अनुसार नै सबै परीक्षा राम्रो भएको तर, कुनै एउटा विषय शारीरिक अस्वस्थता, दुर्घटना वा घरमा कसैको मृत्युको कारणजस्ता घटनाले गर्दा परीक्षामा सहभागी हुन नसकेको वा भएर पनि कारणबश लेख्न नसकेको अर्थात विशेष अवस्थामा एउटामात्र विषय अरु विषयमा राम्रो गरेको शर्तमा स्पष्ट कारण खुलाएर मौका परीक्षाको अवसर दिन सकिन्छ । हालको मौका परीक्षाको गाईजात्राले परीक्षाकै उपहास भएको छ ।

६. समयमा नतिजा दिनु अर्को महत्वपूर्ण पक्ष हो । विद्यार्थीको रजिष्ट्रेशन तथा परीक्षा आवेदन, परीक्षा कार्यक्रम र नतिजा प्रकाशनको तिथि-मिति शैक्षिक सत्रको प्रारम्भमा नै तोक्नुपर्छ । जसले गर्दा तोकिएको तालिकाअनुसार सम्बन्धित शिक्षक-विद्यार्थी समयमा नै सतर्क हुने बानी नै बस्छ । अनावश्यक झमेला आई परीक्षार्थीले दु:ख पाउनु हुँदैन भन्नेमा शिक्षण संस्थाहरु र परीक्षा बोर्ड सजग बन्नैपर्छ । क्यालेण्डर निर्माणमात्र ठूलो कुरा होइन, उक्त क्यालेण्डर अनुसार चल्नु सबैभन्दा महत्वपूर्ण पक्ष हो । प्राविधिक पक्षहरुमा दौडिने र काम सक्नेतर्फ मात्र केन्द्रीत हुने शैली अन्त्य गर्नै पर्दछ ।

७. लेटर ग्रेडिङ वैज्ञानिक प्रणाली हो भन्नेमा विमति छैन । विकसित राष्ट्रले लेटर ग्रेडिङ नै अपनाएका छन् । हाम्रो सन्दर्भमा यसप्रतिको धारणा कमजोर छ । शिक्षक नै लेटर ग्रेडिङलाई हतारमा प्रतिशतमा लाने र डिभिजनको प्रस्तुती गरिहाल्ने प्रतिस्पर्धामा देखिन्छन्, जुन त्रुटीपूर्ण छ । सामान्यतया जीपीएलाई पच्चीसले गुणा गरी प्रतिशत र डिभिजन भन्नु सबै अवस्थामा सही छैन र उपयुक्त होइन । यो लेटर ग्रेडिङबारे शिक्षकमै अन्यौल देखिन्छ । सर्वप्रथम त शिक्षक स्पष्ट बनेपछि मात्र विद्यार्थी, अभिभावक र अन्य सरोकारवाला वर्ग प्रष्ट हुन्छन् । यो पद्दतिबारे जाँगर लाएर बुझाउन जरुरी छ । हाल धेरै अन्यौल छरपष्ट भएका छन् । यो तत्काल समाधान गर्ने विषय बनेको छ । योसँगै शैक्षिक स्तरीयता र विद्यार्थीले चाहेको रोजेको विषय पढ्न ए वा ए प्लस अर्थात् तीनभन्दा माथिको जीपीए जरुरी छ भन्ने सन्देश दिन सक्नुपर्छ । कट अफ स्कोरको अनिवार्यताका कारण पनि यही स्तरीयतासँग जोडिएको छ । यी तथ्यहरु सर्वप्रथम सबै शिक्षकमा स्पष्ट हुनैपर्छ ।

८. परीक्षाको समग्र प्रणाली प्रविधिसँग जोडिनु पर्दछ । गोपनियता कायम गर्नुपर्ने भागलाई निश्चित पासवर्ड राखेर विद्यालयहरुले र परीक्षा बोर्डले स्वयम् गोप्य गर्न सक्छन् । बाँकी सामग्री र विधिबारे आफ्ना वेबसाइटमा राखेर सुसूचित गराउनु जरुरी छ । सबै गोपनियता छताछुल्ल गर्नैपर्छ भन्ने छैन ।

९. विद्यार्थीको मूल्यांकनलाई हलुका कदापि मान्नु हुँदैन । एक वर्ष सिकेका कुराको बढीमा तीन घण्टाको औजारबाट परीक्षण गरिन्छ । त्यो पनि व्यवहारमा होइन, पेपर-पेन्सिल टेष्टबाट । यो मूल्यांकनको मूल औजार परीक्षा प्रणाली जीर्ण र खिया लागेकाले यसलाई उज्यालो र धारिलो बनाउन यो प्रणाली बदल्नै पर्दछ । प्राथमिक तहमा लागू गरिएको निरन्तर विद्यार्थी मूल्यांकन (क्यास) प्रणाली झनै नाममात्रको भएको छ । यस्तो प्रयोगात्मक भनिएको परीक्षामात्र कागजमा सीमित छ, व्यवहारमा यो पनि मूल्यांकनको सही दायरामा आएको छैन । क्यास तथा प्रयोगात्मक परीक्षाको व्यवहारिक पक्ष र मूल्यांकन विधिमा व्यापक परिवर्तन जरुरी छ र यी भिन्न विषय बनाएर अलग विश्लेषणसहित चिन्तन गरिनु पर्दछ ।

१०. कुनै पनि परीक्षार्थीको जाँच स्वयम् उसले हासिल गरेको सम्बन्धित तह र कक्षाको सिकाई उपलब्धीको परीक्षण हो । तसर्थ विद्यार्थी मूल्यांकन वर्तमान युगानुकूल प्रविधिसँग जोडेर अन्तर्राष्ट्रिय अभ्याससँग मेल खानेगरी निर्माण गरिनु पर्दछ । मूल्यांकनको औजार कमजोर र परम्परागत रहेमा सिकाई कमजोर हुने र प्रतिस्पर्धात्मक दुनियामा हाम्रा विद्यार्थी पछाडि पर्ने तथ्य स्पष्ट छ । शैक्षिक स्तरीयता, प्रतिस्पर्धा, प्रविधियुक्त मूल्यांकन प्रणाली हाम्रो चाहना हो, जसमा विश्सनीयता र वैधताको अभाव नरहोस् भन्ने अपेक्षा गरिएको छ ।

# प्रतिनिधिसभा सदस्य निर्वाचनको समीक्षा



✍ **बिमल केशरी पौडेल**

**नेपालको भू-राजनैतिक परिस्थितिलाई ध्यान राख्दै सन्तुलित परराष्ट्र नीति, कुटनीति र आर्थिक समृद्धि तथा आत्मनिर्भर अर्थतन्त्रका लागि सवल अर्थनीति अपनाउँदै अगाडि बढ्नु नै देशका लागि हितकर हुन्छ । अन्यथा जनताको आशा निराशामा परिणत हुन बेर लाग्दैन ।**

२०८२ सालको प्रतिनिधिसभा सदस्य निर्वाचनमा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) ले दुइतिहाई बहुमत ल्याएको छ भने परम्परागत राजनैतिक पार्टीहरु कांग्रेस, एमाले र नेपाली कम्युनिष्ट पार्टीले लज्जास्पद पराजय भोगेका छन् । प्रजातन्त्र प्राप्ति तथा राष्ट्रियता, जनजीविका, संघीयता, धर्म निरपेक्षता, समानुपातिक समावेशी जस्ता मुद्दाहरुलाई सशक्त उठाउँदै वर्षौंसम्म संघर्ष गरेका कांग्रेस, कम्युनिष्ट र मधेशवादी दलहरु नराम्ररी पछारिएका छन् । यो अभूतपूर्व सफलता राष्ट्रिय स्वतन्त्र पार्टीको समर्थनमा उर्लेको नभई स्थापित राजनैतिक शक्तिहरुप्रतिको आक्रोश, वितृष्णा र छटपटीको अभिव्यक्ति हो भनेर बुझ्नु पर्छ । समग्रमा सम्पूर्ण परिस्थितिको विश्लेषण र आगामी लिनुपर्ने बाटोका बारेमा समीक्षा गर्ने प्रयास गरिएको छ ।

### १. स्थानीय तह निर्वाचन-२०७९ ले दिएको सन्देश:

स्थानीय निर्वाचन २०७९ ले धरानमा हर्क साम्पाङ्ग, काठमाडौँमा बालेन शाह, धनगढीमा गोपी हमालका साथै केहि स्वतन्त्र उम्मेदवारको जितले पुराना स्थापित राजनैतिक दलहरुलाई सुध्रिनका लागि एउटा संकेत र मौका दिएको थियो । छोटो अवधिमा नै राष्ट्रिय स्वतन्त्र पार्टीको उदय भई संसदमा चौथो ठूलो दल हुनुले पनि राजनैतिक ठाउँ अब साँघुरो हुँदैछ भन्ने संकेत ठुला दलहरुलाई दिएको थियो । तर, अहंकार, नेतृत्व छोड्ने अनिच्छा र सत्तामै रमाउने प्रवृत्तिले यो संकेतलाई बुझ्न सकेन वा बुझ्ने प्रयास नै गरेन ।

### २. जेन जी आन्दोलनको स्थिति :

भ्रष्ट्राचारका काण्डहरु, कुशासन र शिक्षित युवाहरु पनि विदेश पलायन हुनुपर्ने परिस्थितिले आक्रोश, कुण्ठा र निराशा जन्माएको अवस्थामा सामाजिक सञ्जाल बन्द गर्ने निर्णयले विस्फोटक स्थिति सृजना गर्‍यो र भाद्र २३ को आन्दोलन भयो । सत्तामा रमाएका र सत्तालाई म्युजिकल चेयर जस्तै आलो-पालो आफ्नो पोल्टामा पार्न सफल ठुला राजनैतिक दलका शिर्ष नेताहरु साना दलले राजनैतिक अस्थिरता उत्पन्न गरे भन्ने बहानामा दुइ ठूला दल कांग्रेस र एमाले मिलेर सरकार चलाउँदा समेत स्थितिमा तात्विक परिवर्तन केहि देखिएन र जेन ज़ी आन्दोलन भयो । भाद्र २४ मा अवान्छित तत्वको घुसपैठले व्यापक आगजनी, लुटपाट र विध्वंश भए पनि प्रतिनिधिसभा निर्वाचनको घोषणापछि आम जनतामा कुनै एक पार्टीलाई नै बहुमत दिनु पर्छ भन्ने मनोविज्ञान विकसित भएको अनुमान लगाउन सकिन्छ ।

### ३. नेपाली डायस्पोरा र सामाजिक सञ्जालको प्रभाव:

विदेशमा (युरोप, अमेरिका, अस्ट्रेलिया लगायत खाडी मुलुक, मलेसिया, दक्षिण कोरिया) बसेका, काम गर्न गएका र उनीहरुले पठाएको रकमले नेपालको अर्थतन्त्र धान्दै गरेको स्थितिमा नेपालमै रोजगारी सृजना गर्न नसकी युवाहरु (अदक्ष्य, अर्धदक्ष र दक्ष) विदेशमा जानु परेको कारणले मुलुक बाहिर बस्ने नेपालीहरुले आफन्त, साथीभाई सबैलाई नयाँ पार्टी राष्ट्रिय स्वतन्त्र पार्टीमा मत हाल्नु भन्ने आशय व्यक्त गरेको र सामाजिक सञ्जालले पनि पूराना होइन नयाँमा मत हालौं भन्ने भास्य उत्पन्न गराएको देख्न सकिन्छ ।

### ४. बालेनको क्रेज र रविको संगठन:

जेनजी आन्दोलनपछि बन्ने अन्तरिम सरकारको प्रधानमन्त्रीमा बालेनको नाम जेन ज़ी युवाहरुले अनुरोध गरे अनुसार बालेन क्रेज बारे आंकलन गर्न सकिन्छ । बालेन कै पहलमा प्रतिनिधिसभा विघटन र सुशीला कार्की प्रधानमन्त्रीमा नियुक्त भएको सर्वविदितै छ । बालेनको यो क्रेजलाई जेलबाट बाहिर निस्किएका रबि लामिछानेले बालेनलाई राष्ट्रिय स्वतन्त्र पार्टीमा भित्र्याएर र प्रधानमन्त्रीको उम्मेदवार घोषणा गरेर राष्ट्रिय स्वतन्त्र पार्टीलाई निर्वाचनमा अगाडि ल्याउनमा ठूलो सफलता प्राप्त गरे । मधेसी मूलका मानिस प्रधानमन्त्रीको उम्मेदवार भन्ने भाष्यले विशेष महाधिवेशनबाट कांग्रेस सभापति चुनिएका, राजनैतिक संघर्ष र इतिहास बोकेका गगन थापा समेतले मधेसमा हार व्यहोर्नु पर्‍यो ।

बलेनको केही कार्यहरु : कम बोल्ने, संवाद नगर्ने, पदीय मर्यादा विपरित स्टाटस लेख्ने, एक्लै र अधिनायकवादी शैलीमा काम गर्ने, सडकपेटीमा पसल थापेकाहरुलाई उठिवास गराउने, सुकुम्बासी वस्तीहरु उठाउन खोज्ने आलोचित छन् । अर्कोतर्फ शिक्षण संस्थाहरुमा शुक्रबारको दिन किताबी ज्ञान भन्दा व्यावहारिक ज्ञान, सरकारी स्कूलमा अध्ययनरत नेपालभरका मेधावी विद्यार्थीलाई काठमाडौँको महंगा निजी स्कूलमा छात्रवृत्तिसहित पढाउने व्यवस्था गर्ने, काठमाडौँका महंगा निजी अस्पतालहरुमा विपन्न, असहाय व्यक्ति तथा परिवारलाई उपचारको व्यवस्था मिलाउने तथा युवाहरुलाई रोजगारीका लागि विभिन्न तालिम प्रदान गर्ने जस्ता अत्यन्त सराहनीय काम पनि गरेका छन् । साथै बालेनको भ्रष्ट्राचार विरोधी छवि, बलेनको क्रेज र रविको पार्टी संगठनको मिश्रणको नतिजा प्रतिनिधिसभा निर्वाचनमा देखियो ।

### ५. ठूला पार्टीहरुको अकर्मण्यता:

ठूला पार्टीहरु कांग्रेस, एमाले, नेपाली कम्युनिष्ट पार्टी र मधेशको मसिहा ठान्ने मधेशवादी दलहरु सबैमा जडता देखियो । नेतृत्व हस्तान्तरंको मुद्दा सुन्न न चाहने, शिक्षित सहरी युवाहरुको मनस्थिति बुझ्ने कोशिश नगर्ने, आम जनताले खोजेको छिटो, छरितो प्रभावशाली कार्यशैली प्रति वास्ता नगर्ने, भ्रष्ट्राचारका मुद्दामा आँखा चिम्लिदिने र सत्ताको वरिपरि मात्र रमाउने प्रवृति अहिलेको परिणामको ठुलो कारण हो । कांग्रेसमा गगन थापा, विश्वप्रकाश शर्मा जस्ताले शेरबहादुर देउबा नेतृत्वविरुद्ध बारम्बार आवाज उठाएका र विशेष महाधिवेशन बाट गगन थापा सभापतिमा निर्वाचित भएका पनि हुन् । एमालेमा ओली विरुद्ध लागेकाहरु भिम रावल, घनश्याम भुसाल जस्ता कारवाहीमा परे र बाहिरिए । एमाले र माओवादी केन्द्र मिलेर बनेको नेकपाबाट माधव नेपाल, झलनाथ खनाल जस्ता पुराना नेताहरु अलग भए र छुट्टै पार्टी बनाए । गएको प्रतिनिधिसभा निर्वाचनमा समेत ओलीको विरोध गर्नेहरुले टिकट पाएनन् । नेपाली कम्युनिष्ट पार्टी बन्नु अघि रहेको माओवादी केन्द्रमा जनार्दन शर्माले नेतृत्व पुस्तान्तरण र संरचना वारे आवाज उठाउँदा महाधिवेशन प्रयोजनका लागि केन्द्रिय समिति विघटन गरे पनि प्रतिनिधिसभा निर्वाचनको मुखमा साना कम्युनिष्ट पार्टीहरुसँग कार्यगत एकताको प्रस्ताव राख्दै महाधिवेशन गराउनुको साटो विभिन्न वाम घटकहरुलाई मिलाई ठूलो पार्टी बनाउने र पुराना नेताहरुको व्यवस्थापनमा नै रमाई संयोजक बनेका प्रचण्डको पनि उस्तै व्यवहार देखियो । मुख्य कुरो ठूला पार्टीहरु 'हामी ठूला छौँ र रहन्छौं' भन्ने मनस्थितिमा नै रमाएका देखिए र परिणाम हाम्रो सामु छ ।

अबको बाटो भनेको राष्ट्रिय स्वतन्त्र पार्टीले पाएको जनताको अभूतपूर्व समर्थनलाई आम जनता र विशेषगरी शिक्षित, शहरी मध्यम वर्गको युवाहरुको आकांक्षालाई सम्बोधन हुने गरी छिटो, छरितो कार्यप्रणाली र परिणाममुखी कामको आवश्यकता हो । नेपालको भू-राजनैतिक परिस्थितिलाई ध्यान राख्दै सन्तुलित परराष्ट्र नीति, कुटनीति र आर्थिक समृद्धि तथा आत्मनिर्भर अर्थतन्त्रका लागि सवल अर्थनीति अपनाउँदै अगाडि बढ्नु नै देशका लागि हितकर हुन्छ । अन्यथा जनताको आशा निराशामा परिणत हुन बेर लाग्दैन । निर्वाचनमा पराजय भोगेका राजनैतिक दलहरुले आफ्नो निर्मम आत्म समीक्षा गरी पार्टी नेतृत्व, संरचना र संस्कार तथा बदलिँदो विश्व परिवेशमा युवाहरुको चाहनालाई आत्मसात गर्ने गरी आफुलाई कायापलट गर्न सकेनन् भने आउँदा दिनहरु झनै निराशाजनक हुन सक्छन् । कम्युनिष्टहरु भारतको पश्चिम बंगाल जस्तै खुम्चिँदै जाने र काँग्रेस भारतको भारतीय काँग्रेस जस्तै पछाडी पर्दै जाने सम्भावना हुन् सक्छ ।

# शिक्षकको पेशागत विकासका लागि तालिम



कार्यशालाको उद्घाटन गर्नुहुँदै विश्वविद्यालय अनुदान आयोगका सदस्य सचिव प्रा.डा. ज्ञानबहादुर थापा ।

समाज संवाददाता

हेटौंडा : शिक्षकको पेशागत विकासका लागि मकवानपुर बहुमुखी क्याम्पसमा कार्यशालाको सुरुवात भएको छ । विश्वविद्यालय अनुदान आयोगसँगको सहकार्यमा मकवानपुर बहुमुखी क्याम्पसले आयोजना गरेको कार्यशालामा बागमती र मधेश प्रदेशका सामुदायिक क्याम्पसका ३० जनाको सहभागिता रहेको छ। बुधबार बिहान मकवानपुर बहुमुखी क्याम्पस सञ्चालक समितिका अध्यक्ष अनन्तप्रसाद पौडेलको अध्यक्षता तथा विश्वविद्यालय अनुदान आयोगका सदस्य सचिव प्रा.डा. ज्ञानबहादुर थापाको प्रमुख आतिथ्यमा कार्यशालाको उद्घाटन कार्यक्रम भएको हो ।

मकवानपुर बहुमुखी क्याम्पसमै सुरु भएको कार्यशाला ६ दिन सञ्चालन हुनेछ । कार्यशालाको उद्घाटन कार्यक्रममा मकवानपुर बहुमुखी क्याम्पसका प्रमुख डा. यमबहादुर सिलवालले वर्तमान विश्व र हाम्रो परिवेश अनुसार प्राध्यापकको क्षमता विकास गर्ने उद्देश्यले कार्यशालाको आयोजना गरिएको जानकारी दिनुभयो । प्राध्यापकको क्षमता विकास हुँदै गर्दा विद्यार्थीले लाभ हासिल गर्ने अपेक्षा गरिएको क्याम्पस प्रमुख सिलवालले बताउनुभयो ।

उद्घाटन कार्यक्रमलाई सम्बोधन गर्नुहुँदै विश्वविद्यालय अनुदान आयोगका सदस्य सचिव प्रा.डा. ज्ञान बहादुर थापाले मानव सभ्यताको विकासको अवधिदेखि तालिम भइरहेको र प्राध्यापकका लागि आयोजित तालिम सहशिक्षा र स्वस्तरीकरणको अवसरको रुपमा सदुपयोग गर्न सहभागी प्राध्यापकहरुसँग आग्रह गर्नुभयो । उच्च शिक्षामा शिक्षक जनशक्ति नै महत्वपूर्ण पक्ष भएको दावी गर्नुहुँदै उहाँले शिक्षकमा लगानी गर्नुपर्ने, शिक्षकको सम्मान बढाउनुपर्ने आवश्यकता औंल्याउनुभयो । उच्च शिक्षालाई समाज र औद्योगिक विकाससँग जोड्नुपर्ने बताउनुहुँदै उहाँले शिक्षाको विकास नभई समग्र विकास हुन नसक्ने स्पष्ट पार्नुभयो ।

कार्यक्रममा मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठानका उपकुलपति प्रा.डा. प्रदीप ज्ञवालीले विश्वविद्यालय अनुदान आयोगले प्रतिष्ठानहरुलाई नचिन्ने भन्दै दुखेसो गर्नुभयो। उच्च शिक्षामा प्रतिष्ठानको योगदानलाई बिर्सेर सहकार्य नै नगर्नु स्वभाविक नभएको उहाँको भनाइ थियो ।

कार्यशालाको उद्घाटन कार्यक्रममा क्याम्पस सञ्चालक समितिका उपाध्यक्ष अशोक शाक्य, मकवानपुर उद्योग वाणिज्य संघका अध्यक्ष प्रमोदसिंह रानाभाट, पब्लिक क्याम्पस प्राध्यापक संघ मकवानपुर बहुमुखी क्याम्पस इकाईका अध्यक्ष घनश्याम घिमिरेको पनि आतिथ्य रहेको थियो ।

## निर्वाचन प्रतिवेदन आज राष्ट्रपतिलाई बुझाइँदै

काठमाडौँ: निर्वाचन आयोगले आज बिहीबार प्रतिनिधिसभा सदस्य निर्वाचनसम्बन्धी प्रतिवेदन राष्ट्रपति रामचन्द्र पौडेललाई बुझाउने भएको छ । आयोगका प्रवक्ता सहसचिव नारायणप्रसाद भट्टराईले बिहीबार अपराह्न ४ बजे राष्ट्रपति कार्यालय शीतलनिवासमा प्रतिनिधिसभा सदस्य निर्वाचनसम्बन्धी प्रतिवेदन बुझाउने समय तय भएको जानकारी दिएका हुन् ।

आयोगले प्रतिनिधिसभामा समानुपातिक प्रणालीबाट सांसद भएकाहरूलाई बिहीबार नै प्रमाणपत्र प्रदान गर्ने भएको छ । आयोगका प्रवक्ता भट्टराईले बिहीबार बिहान ११ बजे आयोगमा समानुपातिक प्रणालीबाट निर्वाचित भएका सांसदहरूलाई प्रमाणपत्र वितरण गर्ने जानकारी दिए ।

'भोलि बिहान ११ बजे समानुपातिक प्रणालीबाट निर्वाचित हुनुभएका सांसदहरूलाई प्रमाणपत्र वितरण गर्ने कार्यक्रम तय भएको छ,' प्रवक्ता भट्टराईले भने । समानुपातिकतर्फबाट प्रतिनिधिसभामा ११० सांसद निर्वाचित हुन्छन् । आयोगले राजनीतिक दलहरूले प्राप्त गरेको मतका आधारमा राष्ट्रिय स्वतन्त्र पार्टीलाई ५७, नेपाली कांग्रेसलाई २०, नेकपा एमालेलाई १६, नेपाली कम्युनिस्ट पार्टीलाई ९ तथा श्रम संस्कृति पार्टी र राष्ट्रिय प्रजातन्त्र पार्टीलाई ४/४ सांसद दिने निर्क्यौल गरिसकेको छ ।

आयोगले राष्ट्रपति पौडेललाई प्रतिवेदन बुझाएपछि साँझ साढे ५ बजे पत्रकार सम्मेलन गरेर निर्वाचनसम्बन्धी सम्पूर्ण जानकारी दिने बताएको छ। गत फागुन २१ गते मुलुकभर प्रतिनिधिसभा सदस्य निर्वाचन सम्पन्न भएको थियो । आयोगले निर्वाचनसम्बन्धी नतिजा सार्वजनिक गरिसकेको छ ।

*(स्रोत: रातोपाटी)*

# सडक आश्रित मानवमुक्त घोषणाको तयारीमा काठमाडौं महानगर

काठमाडौं : काठमाडौं महानगरपालिकाले महानगर क्षेत्रलाई सडक आश्रित मानवमुक्त बनाउन २०७४ देखि अभियान थालेको थियो । २०७४ मङ्सिर १ गते महानगरले मानवसेवा आश्रमसँग सम्झौता गरेर सडक आश्रित मानव व्यवस्थापनको काम सुरु गरेको थियो ।

त्यसयताका आठ वर्षमा काठमाडौं महानगरका सडकबाट दुई हजार ९१९ जना सडक आश्रित मानिसको उद्धार गरिएको छ । मानव सेवा आश्रमका अध्यक्ष रामजी अधिकारीका अनुसार यसरी उद्धार गरिएकामध्ये ३१५ जनाको मृत्यु भइसकेको छ । ७१३ जनालाई पारिवारिक पुनर्मिलन र ३३६ जनालाई सामुदायिक पुनर्मिलन गराइएको उनले जानकारी दिए । बाँकी २६८ जना आश्रमको आश्रयमा राखिएका छन् ।

काठमाडौं महानगर क्षेत्रलाई सडक आश्रित मानवमुक्त घोषणा गर्ने तयारीकै क्रममा यी काम भएको कार्यवाहक मेयर सुनिता डंगोलले बताइन् । 'घोषणाको तयारी थाल्दा घोषणा गर्ने मात्र नभई त्यसलाई दिगो बनाउने कानुनी, प्रशासनिक तथा व्यावहारिक पक्ष सक्रिय बनाउन लागेका छौँ,' उनले भनिन्, 'यसका लागि समन्वय र सहजीकरणको विषय सुनिश्चित गर्नुपर्छ ।' महानगर प्रहरी बलका प्रमुख विष्णुप्रसाद जोशीले सडक आश्रित मानिसलाई उद्धार गरेर आश्रममा लैजाने क्रम अहिले पनि जारी रहेको बताए । यो कामका लागि महानगरले हालसम्म आश्रमलाई दुई करोड ८४ लाख ७३ हजार २३७ प्रदान गरेको छ । उद्धार कार्यका लागि आवश्यक पर्ने एउटा सवारीसाधन पनि महानगरले आश्रमलाई उपलब्ध गराएको छ ।

सडक आश्रित मानिसको पहिचान, सिफारिस र व्यवस्थापनमा समन्वय गर्ने काम पनि महानगरबाट भइरहेको आश्रमका अध्यक्ष अधिकारीले बताए । 'सडक सेवा, पञ्जीकरण र उद्धार कार्यमा जनप्रतिनिधि, प्रशासनिक कर्मचारी, महानगर प्रहरी बलको नियमित सक्रियतापूर्ण सहयोग छ,' उनले भने । अध्यक्ष अधिकारीका अनुसार काठमाडौंका सडक आश्रितलाई उद्धार गर्दा रानीवन शाखामा २५० जनाभन्दा धेरैलाई व्यवस्थापन गर्न सकिन्छ । सामाखुसीमा ५० बढी, रानीवन शाखामा १०० बढी, प्रस्तावित चुनदेवी शाखा, धुनीबेँसी शाखा र गजुरी गाउँपालिका हरेकमा ५० जनाभन्दा बढीको व्यवस्थापन क्षमता छ ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ३ मा गाउँपालिका तथा नगरपालिकाको काम, कर्तव्य तथा अधिकारमा सडक बालबालिका, अनाथ, असहाय, अशक्त र मानसिक असन्तुलन भएका व्यक्तिको पुनःस्थापना केन्द्रको सञ्चालन, व्यवस्थापन, अनुगमन र नियमन गर्ने व्यवस्था उल्लेख छ । यो व्यवस्थाको दिगो कार्यान्वयनका लागि नीतिगत तथा संस्थागत व्यवस्था, सहयोगापेक्षीको व्यवस्थापन र घटनाक्रमको वैज्ञानिक अभिलेखन प्रणाली, स्वास्थ्य तथा मानसिक परामर्शसहित उद्धार, पुनःस्थापना तथा पुनर्मिलनका संयन्त्रको सक्रियता र दिगोपनाका लागि सुनिश्चित आर्थिक योजना आवश्यक पर्ने पनि अधिकारीले जानकारी दिए । *-रासस/अनलाइनखबर ।*





**वास्तु किन चाहिन्छ ?**

**Scientific & Modern**
**तरिकाबाट वास्तु गर्न चाहनुहुन्छ ?**

❖ पन्चतत्व सन्तुलित राख्न,
❖ वास्तुदोषबाट हुने हानी/नोक्सानीबाट जोगिन,
❖ घर/जग्गाबाट लाभ/हानी थाहा पाउन,
❖ गृहस्थी जीवन सन्तुलन राख्न,

वास्तु घरको मेरुदण्ड हो, यसले पञ्चतत्व (अग्नी, आकास, जल, वायु र पृथ्वी) सन्तुलन गर्दछ ।

❖ वैदिक वास्तुमा आधारित रहेर Scientific & Modern Vastu गराउँदा, बनी सकेको घरको तोडफोड नगरिकन वास्तुदोष निवारण गर्न सकिन्छ ।

**तपाईको जन्म मिति र मोबाईल नम्बरबाट शुभ अंक निकाल्न र अंकको प्रभावबाट सकारात्मक परिवर्तन ल्याउन चाहनुहुन्छ भने हामीलाई सम्झनुहोस् ।**

**निशूल्क परामर्श**
❖ Mobile Numerology,
❖ Crystal Remedy

Contact :
Sanukajis Ghalan
9766120056
9824224095



## हार्दिक श्रद्धाञ्जली



जन्म : २०२३

स्वर्गारोहण : २०८२ फागुन २५ गते

**स्व. सुरेश किरण मानन्धर**

नेपाली र नेपाल भाषामार्फत नेपाली पत्रकारिता क्षेत्रमा प्रशंसनीय योगदान पुऱ्याउनु भएका भाषा, संस्कृति, सम्पदा र उन्नत सामाजिक जीवनको पक्षमा निरन्तर क्रियाशील अभियन्ता आदरणीय **सुरेश किरण मानन्धर**को निधनको खबरले मर्माहत भएका छौं । यस दुखद् घडीमा उहाँप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दै दिवंगत आत्माको चिरशान्तिको कामना गर्दछौं । साथै शोकाकुल परिवारजनप्रति हार्दिक समवेदना व्यक्त गर्दछौं ।

समृद्धि प्रकाशन प्रा. लि. हेटौंडा, मकवानपुर

**सुरेश श्रेष्ठ, सम्पादक**
**एवम् समृद्ध समाज राष्ट्रिय दैनिक परिवार**
**हेटौंडा, मकवानपुर**



## हार्दिक श्रद्धाञ्जली



जन्म : २००३/१२/०३

स्वर्गारोहण : २०८२/०५/२४

**स्व. आशालाल खड्गे**

यस भुटनदेवी खड्गी गुठी समाजको सदस्य **आशालाल खड्गे**को ७४ वर्षको उमेरमा असामयिक निधनको खबरले हामी मर्माहत भएका छौं । यस दुःखद् घडीमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै **१२ दिनको पूण्यतिथी**मा हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं । साथै शोक सन्तप्त परिवारजनमा धैर्यधारण गर्ने शक्ति मिलोस् भन्ने कामनासहित समवेदना प्रकट गर्दछौं ।

**भूटनदेवी खड्गी गुठी समाज परिवार**
**हेटौंडा-२, मकवानपुर**

## बागमती प्रदेशको क्रिकेट टोली घोषणा

# मकवानपुरका शुभ र रिजन अटाए



*रिजन ढकाल*



*शुभ कंसाकार*

समाज संवाददाता

हेटौँडा : प्रधानमन्त्री कप एकदिवसीय क्रिकेट प्रतियोगिता-२०८२ का लागि बागमती प्रदेशको टोली घोषणा भएको छ । बागमती प्रदेश क्रिकेट संघले घोषणा गरेको १५ सदस्यीय टोलीमा मकवानपुरका अल्लराउन्डर शुभ कंसाकार र बलर रिजन ढकाल पनि परेका छन् ।

संघले नेपाली राष्ट्रिय क्रिकेट टोलीका सदस्य सन्दिप लामिछानेको नेतृत्वमा बुधबार १५ सदस्यीय टोली घोषणा गरेको हो । टोलीमा ललितपुरका विवेक राना मगर, सचिन लेखक र आशुतोष घिरैया समावेश छन् । काठमाडौंका ईशान पाण्डे उपकप्तान रहेको उक्त टोलीमा काठमाडौंका अन्य खेलाडी उत्तम थापा मगर, दयानन्द मण्डल, प्रतिश जिसि र सोनु देवकोटा पनि पर्न सफल भएका छन् । यस्तै भक्तपुरका शिवम् तिवारी, सुवास खत्री र रिन्जिन लामासहित चितवनका पवनबहादुर थापा छनोट भएका छन् ।

संघले फागुन २५ गतेदेखि चैत्र ३ गतेसम्म बागमती प्रदेशस्तरीय छनोट प्रतियोगिता सञ्चालन गरेको थियो । उक्त प्रतियोगितामा खेलाडीको प्रदर्शनका आधारमा प्रदेश टोली बनाएको हो । ७ वटा टोली सम्मिलित प्रदेशस्तरीय छनोट प्रतियोगिता ललितपुरले जितेको हो ।

# राष्ट्रिय महिला भलिबल सुरु



*प्रतियोगिताअन्तर्गत उद्घाटन खेलमा स्टेप रामपुर भलिबल क्लब र जिल्ला भलिबल संघ मकवानपुरबीचको खेल ।*

समाज संवाददाता

हेटौँडा : हेटौँडामा जारी दोस्रो वृहत् खेलकुद, कृषि तथा पर्यटन महोत्सवमा खुल्ला राष्ट्रिय महिला भलिबल प्रतियोगिता सुरु भएको छ । बुधबारप्रतियोगिताको पहिलो खेल जिल्ला भलिबल संघ मकवानपुर र पाल्पाको स्टेप रामपुर भलिबल क्लबबीच भएको छ ।

प्रतियोगिताको पहिलो खेलमा स्टेप रामपुर भलिबल क्लबले जिल्ला भलिबल संघ मकवानपुरलाई २५-६, २५-२१ र २५-२३ को सोझो सेटमा पराजित गरेको छ । महोत्सवस्थल हेटौँडा-१०, टिसिएनचौरमा सुरु भएको प्रतियोगितामा ६ वटा टिमको सहभागिता रहेको छ। प्रतियोगितामा जिल्ला भलिबल संघ मकवानपुर, स्टेप भलिबल क्लब (पाल्पा), जनशक्ति युवा क्लब (मधेश प्रदेश), ब्राईट फ्युचर स्पोर्टस क्लब (कोशी प्रदेश), केशवलाल स्मृति प्रतिष्ठान र न्यू डायमण्ड क्लब स्पोर्टस् क्लबको सहभागिता रहेको छ ।

प्रतियोगिता विजेता टोलीले ३ लाख र उपविजेता टोलीले २ लाख रुपैयाँ नगदसहित शिल्ड, मेडल र प्रमाणपत्र प्राप्त गर्नेछन् । अन्य दुई टोलीले सान्त्वना पुरस्कार स्वरुप ५०/५० हजार नगसहित शिल्ड, मेडल र प्रमाणपत्र प्राप्त गर्नेछन् । सर्वोत्कृष्ट खेलाडीका लागि १५ हजार रुपैयाँ नगसहित प्रतियोगितामा विधागत पुरस्कारको पनि व्यवस्था गरिएको छ ।

विधागत उत्कृष्ट खेलाडीहरुलाई ट्रफी, मेडल, प्रमाणपत्र र नगद पुरस्कार प्रदान गरिनेछ । लिग-कम-नकआउट प्रणालीमा हुने प्रतियोगिताको फाइनल खेल आईतबार हुनेछ ।

# उपचारको क्रममा तामाङको मृत्यु

समाज संवाददाता

हेटौँडा : चितवनमा ट्रिपरको ठक्करबाट घाइते भएकी पैदलयात्रुको उपचारको क्रममा मृत्यु भएको छ । पूर्व-पश्चिम राजमार्गअन्तर्गत चितवन जिल्लाको राप्ती नगरपालिका-५, भण्डाराचोकमा आइतबार ना ७ ख ८६५२ नम्बरको ट्रिपरले ठक्कर दिँदा राप्ति-११ की ६० वर्षीया दुधुमाया तामाङ घाइते भएकी थिइन ।

घाइते तामाङको मंगलबार राती पुरानो मेडिकल कलेजमा उपचारको क्रममा मृत्यु भएको बागमती प्रदेश प्रहरी कार्यालय हेटौँडाले जानकारी दिएको छ। ट्रिपर डडुवाबाट भण्डारातर्फ जाँदै गरेको थियो । चितवन मेडिकल कलेजमा उपचारपश्चात डाक्टरले उनलाई पुरानो मेडिकल कलेज भरतपुर रिफर गरेको थियो। प्रहरीले ट्रिपर र ट्रिपर चालक भरतपुर महानगरपालिका-३, बाह्रघरेका ३३ वर्षीय बुद्धिमान सुनारलाई नियन्त्रणमा लिएको छ ।

# इन्द्रसरोवरमा हायस गाडी दुर्घटना, ४ जना घाइते

समाज संवाददाता

हेटौँडा : हेटौँडा-काठमाडौं छोटो मार्गअन्तर्गत मकवानपुरको इन्द्रसरोवर गाउँपालिकामा यात्रुवाहक हायस गाडी ब्रेक फेल भएर दुर्घटना भएको छ । मंगलबार भएको उक्त दुर्घटनामा परेर ४ जना घाइते भएको बागमती प्रदेश प्रहरी कार्यालय हेटौँडाले जानकारी दिएको छ ।

प्रहरीका अनुसार इन्द्रसरोवर-३, धाराखोल्सास्थित दक्षिण काली सडकखण्डमा काठमाडौंबाट सर्लाहीतर्फ जाँदै गरेको बा ४ ख ६०३५ नम्बरको हायस गाडीको ब्रेक फेल भई सडकको भित्तामा ठोक्किएर दुर्घटना भएको थियो । दुर्घटनामा गाडी चालक सर्लाहीको बरहथवा-६ का २५ वर्षीय करण श्रेष्ठसहित चार जना घाइते भएका छन्। घाइते हुनेहरुमा सर्लाहीको बागमती-९ का २ वर्षीय आयुष मगर, सोही स्थानका ६ वर्षीय अविनास परियार र बरहथवा-७ का २१ वर्षीय बिक्की कुमार रहेका छन् । उनीहरुको काठमाडौंस्थित ट्रमा सेन्टरमा उपचार भइरहेको छ ।

## न्यू स्वर्ण भण्डार सुनचाँदी पसल राप्तिरोडबाट खोपेगल्लीमा सरेको सूचना

हेटौँडा-१०, राप्तिरोडमा रहेको न्यू स्वर्ण भण्डार सुनचाँदी पसल यहि मिति २०८२ साल फाल्गुन २९ गतेदेखि हेटौँडा-४, खोपेगल्लीस्थित आफ्नै भवनमा (रोज एकेडेमी स्कूलसँगै) सरेको सहर्ष जानकारी गराउँदछौँ ।

**प्रो. ज्ञान रत्न बज्राचार्य**

**सम्पर्क : ९८४५५९८३०१, ९८०४२२८३६४**

# खेल संघले मान्दैनन् कानुन

काठमाडौं: राष्ट्रिय खेलकुद परिषद् (राखेप)को निर्देशनलाई अटेर गरी अखिल नेपाल फुटबल संघ (एन्फा)ले अबको ९ दिनपछि अर्लि इलेक्सन गर्ने भन्दै मिति तय गरेको छ । राष्ट्रिय खेलकुद नियमावली २०७९ मा खेल संघले निर्वाचन गर्दा राखेपको अनुमति अनिवार्य लिनुपर्ने व्यवस्था छ ।

'खेल संघको विधानमा प्रत्येक खेल संघले आर्थिक वर्ष समाप्त भएको तीन महिनाभित्र साधारण सभा गर्ने, प्रत्येक चार वर्षमा संघको आवधिक निर्वाचन गर्नुपर्ने र त्यस्तो निर्वाचनको लागि परिषद्बाट स्वीकृति लिनुपर्ने व्यवस्था हुनुपर्ने,' नियमावलीको नियम ७ को 'ग' मा उल्लेख छ। तर, एन्फा त्यसलाई मान्न तयार छैन । फिफा र एएफसीको नियमअनुसार भन्दै एन्फाले नेपालको खेलकुद ऐनलाई मिचेर निर्वाचन मिति तोकेको छ । राखेप सदस्यसचिव रामचरित्र मेहता भन्छन्, 'एन्फाले राखेपको निर्देशन मानेको छैन, अब कारबाहीको प्रक्रिया अघि बढाउँछौं ।'

गत वर्षको पुसमा नेपाल ओलम्पिक कमिटी (एनओसी)ले सरकारसँग अनुमति नलिई अधिवेशन गरिछाड्यो । राखेपले खेलकुद विकास ऐन २०७७ अनुसार कार्यकाल थप्न विधान संशोधन गर्न नमिल्ने भन्दै अधिवेशन रोक्न पत्राचार गरेको थियो । अधिवेशन रोक्न सर्वोच्च अदालतले पनि आदेश दियो। तर, जीवनराम श्रेष्ठले विधान संशोधन गर्दै तेस्रोपटक एनओसीको नेतृत्व सम्हाले ।

उनले राखेपसँगै अदातलको आदेश अवज्ञा गरे । त्यसपछि तत्कालीन खेलकुद मन्त्री र एनओसीबिच खटपट सुरु भयो । तत्कालीन युवा तथा खेलकुद मन्त्री तेजुलाल चौधरीले एनओसीको मुख्यालयमा तालाबन्दी गरे र तदर्थ समिति बनाए। त्यतिबेला तत्कालीन खेलकुद मन्त्री चौधरीले एक सार्वजनिक कार्यक्रममै खेल संघहरुले देशको ऐन, कानुन नै नमानेको गुनासो गरे । उनले भनेझैँ केही खेल संघहरु अझै पनि खेलकुद ऐन मान्न तयार छैनन् । नियमनकारी निकाय नै कमजोर हुँदा खेल संघमाथि नियमन गर्न कठिनाई भएको राखेपका बोर्ड सदस्य डा. मधुसुधन सुवेदी बताउँछन् । उनी भन्छन्, 'संघलाई नियमन गर्ने राखेपको बोर्ड सदस्य विभिन्न खेल संघबाट आएका छन् । मापदण्डको घेरामा त आफू पनि पर्छन् । अनि उनीहरुले कसरी संघलाई नियमन गर्ने एजेण्डा ल्याउँछन् त ?'

पछिल्लो समयका सदस्यसचिव टंकलाल घिसिङदेखि युवराज लामासम्मको कुनै न कुनै खेल संघमा आवद्धता थियो। त्यसका कारण पनि स्वार्थ बाझिने गरेको सुवेदीको तर्क छ । 'खेल संघलाई नियमन गर्ने सदस्यसचिवहरु नै खेल संघमा जोडिएका हुन्छन्। स्वार्थ बाझिएपछि कसरी नियमन होस्,' उनले भने ।

राष्ट्रिय खेल संघ वा महासंघले राष्ट्रिय मान्यता पाउनका लागि राखेपमा दर्ता गर्नुपर्ने व्यवस्था खेलकुद विकास ऐनको दफा २६ ले गरेको छ । तर, कतिपय संघहरु राखेपमै दर्ता नभई निर्वाध रुपमा चलिरहेका छन् । ऐनले एक खेल संघको परिकल्पना गरे पनि केही खेलका दुई/दुई संघ कायम छन् । नेपाल पारा ओलम्पिक कमिटी र राष्ट्रिय पारा ओलम्पिक कमिटी, जुन ऐनविपरीत दुई कमिटी नेपालमा कायमै छन् । राष्ट्रिय पारा ओलम्पिकमा र नेपाल पारा राखेपमा दर्ता भएको छ । ऐनले राखेपमा दर्ता गर्ने कमिटीलाई मात्र चिन्छ ।

उसु संघको विवाद पनि पारा ओलम्पिक कमिटीजस्तै छ । उसु संघको विवाद त कहिलेकाँहि खेल मैदानमा पनि देख्न सकिन्छ । ती संघहरुलाई न राखेपले नियमन गर्न सकेको छ न ती संघले खेलाडीको विकासमा काम गर्न सकेका छन् । खेलकुद विकास ऐन नमान्ने छुट कुनै संघलाई नभएको सदस्यसचिव मेहता बताउँछन् । 'ऐनमा भएको विषय कार्यान्वयन गर्ने दिशातिर अग्रसर हुन्छौं । पूर्णरुपमा नियम, कानुन कार्यान्वयनमा ल्याउँछन्,' उनी भन्छन्, 'ऐन नमान्ने छुट कसैलाई छैन । परिषद्को निर्देशन नमान्ने संघहरुलाई कारबाही हुन्छ ।'

सबैभन्दा धेरै विवाद तेजुलाल चौधरी खेलकुद मन्त्री हुँदा भएको थियो। कतिसम्म भने चौधरीले खेल संघलाई नियमन गर्न राखेपमा छलफल नै नगरी संसद्मा खेलकुद विकास ऐन संशोधन प्रस्ताव दर्ता गरेका थिए ।

नेपालका खेल संघहरुमा १५/२० वर्ष एउटै व्यक्तिले चलाउने प्रवृत्ति रहेको पूर्व खेलकुद मन्त्री चौधरी बताउँछन् । 'खेल संघमा १५/२० वर्ष एउटै व्यक्ति हुन्छन् । हामीले त ऐनअनुसार निरन्तर अधिवेशन गर्नुस् भनेर भनेका हौं,' उनी भन्छन्, 'उहाँहरु हाम्रो ऐनलाई अठ्यारो मानिराख्नुभएको छ ।' खेलकुद ऐनअनुसार चलाउन खोज्दा खेल संघहरु विवाद सिर्जना गरेको चौधरीको अनुभव छ ।

### मन्त्री र सदस्य सचिवको हस्तक्षेपले सकसमा संघ

धेरै खेल संघहरू आफूलाई स्वायत्त मान्छन्। सरकारको हस्तक्षेप स्वीकार नहुने तर्क गरिराख्ने खेल संघहरुले कहिलेकाहीँ आफ्नै विधानलाई भने मिचिरहेका हुन्छन् । यस्तै सरकारी पक्ष पनि आफू अनुकूलका व्यक्ति नआउने अवस्थामा रोक्नेदेखि निलम्बन गर्ने प्रकारका गतिविधिमा सक्रिय देखिन्छ ।

नेपाल कराते महासंघका अध्यक्ष युवराज लामा खेलकुद मन्त्री र राखेप सदस्य सचिवको अनावश्यक हस्तक्षेपले खेल संघ र राखेपको दुरी बढेको बताउँछन् । आफ्नो मान्छेलाई घुसाउन नपाएपछि चुनाव गर्न नदिने मनसायका साथ मन्त्रालय र राखेपबाट निर्देशन आउने परिपाटीका कारण खेल संघ निर्देशन नमान्ने अवस्थामा पुगेको उनको अनुभव छ। 'कानुन कार्यान्वयन गर्ने निकायले पहिला कार्यान्वयन गर्नुपर्छ,' उनले प्रश्न गर्दै भने, 'संघलाई व्यवस्थित र विधिमा निर्वाचन गर् भनेर भन्ने हो कि निर्वाचन रोक भनेर पत्र काट्ने हो ?' *(स्रोत: अनलाइनखबर)*

# एसईईमा मकवानपुरका ७ हजार बढी विद्यार्थी समावेश हुने

समाज संवाददाता

हेटौँडा: यस वर्षको माध्यमिक शिक्षा परीक्षा (एसईई) मा मकवानपुरबाट ७ हजार १ सय ९२ विद्यार्थीहरु समावेश हुने भएका छन् । जिल्लाका २८ वटा विद्यालयका परीक्षा केन्द्रबाट ७ हजार बढीले परीक्षा दिन लागेका हुन् ।

यस वर्षको एसईईमा ५ हजार ५ सय २७ जना नियमित तथा ग्रेडवृद्धितर्फ १ हजार ६ सय ६५ जना सहभागी हुने शिक्षा विकास तथा समन्वय इकाई मकवानपुरका सूचना अधिकारी उन्नती ढकालले जानकारी दिनुभयो । यीमध्ये प्राविधिक धार तर्फ १ सय ७५ जना नियमित र ग्रेडवृद्धिका ८८ गरी कुल २ सय ६३ जना एसईई परीक्षामा सामेल हुनेसमेत इकाईले जनाएको छ। हाल जिल्लामा प्राविधिक धारमा १० वटा विद्यालयहरुले पठनपाठन गराउँदै आइरहेका छन् ।

एसईईका लागि मकवानपुर जिल्लामा २८ वटा परीक्षा केन्द्रहरु तोकिएका छन् । हेटौँडाका १५ वटा विद्यालयहरुमा परीक्षा केन्द्रहरु रहनेछन् । थाहा नगरपालिकाको जनकल्याण मावि, मत्स्यनारायण मावि र बज्रबाराही माविमा परीक्षा केन्द्र तोकिएका छन् । यस्तै, बकैया गाउँपालिकाको बुद्ध मावि र महेन्द्र माविलाई परीक्षा केन्द्र तोकिएको छ । मनहरी गाउँपालिकामा राष्ट्रिय रोटरी मावि र महेन्द्र किरण माविमा परीक्षा केन्द्र तोकिएका छन् ।

जिल्लाका अन्य गाउँपीलकाहरुमा भने एक-एक वटा परीक्षा केन्द्र रहनेछन् । बागमती गाँउपालिकामा जनता मावि, भीमफेदी गाउँपालिकामा महेन्द्र मावि, कैलाश गाउँपालिकामा कालिका मावि, राक्सिराङ गाउँपालिकामा प्रजाजागृति मावि, इन्द्रसरोबर गाउँपालिकामा सरस्वती बालबोधिनी मावि र मकवानपुरगढी गाउँपालिकामा जाल्पादेवी माविमा परीक्षा केन्द्र तोकिएको छ ।

हेटौँडा उपमहानगरपालिकाका परीक्षा केन्द्रहरुमा उत्तरपुस्तिका लैजाने काम भइरहेको इकाईले जनाएको छ ।

जिल्लाका अन्य परीक्षा केन्द्रहरुमा केही दिनभित्रै उत्तरपुस्तिका पुऱ्याइने समन्वय इकाईले जनाएको छ । एसईई परीक्षा केन्द्रका केन्द्राध्यक्षहरुलाई सहजीकरण तालिमसमेत भइरहेको इकाईका सूचना अधिकारी ढकालले जानकारी दिनुभयो । यस वर्षको एसईई आउँदो चैत १९ गतेदेखि २९ गतेसम्म सञ्चालन हुनेछ ।

## हेटौँडा रिफरेन्स ल्यावरोटरी

ELISA, CLIA तथा फुल्लि अटोमेटेड मेसिनद्वारा रगतको स्पेसल जाँचहरु गरिन्छ ।



Papcytology
-थाईराईड
-क्यान्सर
-रक्तअल्पता
-वाथरोग
-बाँझोपन
-भाइरस सम्बन्धी सम्पूर्ण परीक्षण गरिन्छ ।

साथै रगत, दिसा, पिसाब, पिप कल्चर समेत गरिन्छ ।

(HRL)


खुल्ने समयः विहान ७:00 बजेदेखि बेलुका ७:00 बजेसम्म

सञ्चालनको छोटो अवधिमै हाम्रो सेवालाई विश्वास गर्दै सेवा गर्ने अवसर दिनुहुने सम्पूर्ण सेवाग्राहीप्रति आभारसहित अब प्रत्येक महिनाको दोस्रो शनिबार सुगर जाँच निशूल्क र चौथो शनिबार थाइराइड जाँचमा ५0 प्रतिशत छुट हुने सहर्ष जानकारी गराउँदछौं।

थप जानकारीको लागि HRL

हेटौँडा रिफरेन्स ल्यावरोटरी

हेटौँडा-१, भिन्तुनापथ सम्पर्क फोन नं.: ०५७-५२०४५७







समृद्धि प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, ठेगानाः हेटौँडा-४, अजरअमररोड, ०५७-५२६८३०, Email:sambridhasamaj@gmail.com, website:www.samriddhasamaj.com, प्रबन्ध निर्देशकः रोजिना श्रेष्ठ, सम्पादकः सुरेश श्रेष्ठ